प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १९३ ॥ २०८१ भाद्र ०८ गते शनिबार (24th Aug 2024 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# चन्दाको विरोध गर्दा कार्वाही गर्ने धम्की

बिर्तामोड(प्रस) । बिर्तामोडका शैक्षिक संस्थाहरुमा गैरकानुनी ढंगले उठाइरहेको चन्दाको विरोध गर्दा विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले कार्वाही गर्ने धम्की दिएको छ ।
विभिन्न संगठनहरुले जवर्जस्ती उठाइरहेको चन्दाप्रति ध्यानाकर्षण गराउँदै मानव अधिकार संजाल झापाले बुधवार प्रेस विज्ञप्ति जारी गरेको थियो भने सो विज्ञप्ति र चन्दा आतंकका विषयमा बिर्तामोडका संचारमाध्यमहरुले समाचार प्रकाशित गरेका थिए । नेकपाले प्रेस विज्ञप्ति जारी गर्ने संजालका अध्यक्ष डा. रुपकप्रसाद खनाल र समाचार प्रकाशन गर्ने पत्रकारहरुलाई कार्वाही गर्ने धम्की दिएको हो ।

नेकपाको भ्रातृ संगठन अखिल नेपाल विद्यार्थी युनियन समाजवादीका झापा इन्चार्ज विनोद सीले विज्ञप्ति जारी गरी निकृष्ट र धम्कीपूर्ण भाषा प्रयोग गर्दै आफ्नो पार्टी र आन्दोलनको विरुद्धमा जाने हो भने त्यसको परिणाम भोग्न तयार रहन चेतावनी दिएका छन् । उनको विज्ञप्तिमा भनिएको छ ,'हामीलाई कथित मानव अधिकारकर्मी दलाल माफियाको नुन खाएका पत्रकारहरुको हर्कतको कुनै पर्वाह छैन। हामी खुल्ला छलफल र खुल्ला संघर्षको निम्ति सँधै तयार छौं। यस्ता हर्कत हाम्रो पार्टी र आन्दोलनको विरुद्धमा गर्दै जाने हो भने त्यसको परिणाम भोग्न तयार रहन चेतावनी दिन चाहन्छौं।' त्योसंगै सोही नेपाल कम्युनिष्ट पार्टीका झापा सचिव संजय सीले मानव अधिकारकर्मी डा. खनालको नामै तोकेर चेतावनीसहितको अर्को विज्ञप्ति जारी गरेका छन् । उनले विज्ञप्तिमा भनेका छन्, ' हामी डा. रुपक खनाललाई गंभीर चेतावनी दिन चाहन्छौं। हाम्रो पार्टी मात्रै यस्तो पार्टी हो जो अहिलेसम्म निरन्तर देश जनता क्रान्तिको निम्ति संघर्षशील छ । र, यो लक्ष्य प्राप्ति नहोउन्जेल निरन्तर अगाडि बढ्ने छ । हाम्रो यस्तो पार्टीबिरुद्ध भ्रम पैदा गराउने, षड्यन्त्र गर्ने, युवा बिद्यार्थीको अभियान रोक्ने, कारबाहीको माग गर्नेजस्ता लज्जास्पद हर्कत तुरुन्त रोकेर माफी माग्न चेतावनी दिन चाहन्छौं । अन्यथा अधिकारकर्मीको कथित आवरण उतारेर असली अनुहार जनतामा देखाइदिने चेतावनी दिन चाहन्छौं ।'
आफूलाई दिएको धम्कीका बारेमा प्रहरी प्रशासनलाई जानकारी गराइसकेको डा. खनालले बताए । उनले गणतान्त्रिक भन्ने पार्टीले पुरानै शैलीमा चन्दा चिठ्ठा उठाउनु बाञ्छनीय नभएको भन्दै त्यस्ता क्रियाकलापको सबैले विरोध गर्नुपर्ने प्रतिक्रिया दिएका छन् ।

यसैबीच मानव अधिकार रक्षक परिषदले
चन्दा माग गरिएको बिषयमा सम्बन्धित नियामक निकायको ध्यानाकर्षण गराउँदै मानव अधिकार संजाल झापाले प्रेस विज्ञप्ति जारी गरेको र उक्त वक्तव्यको आधिकारिकताको अध्ययन नगरी केही राजनीतिक दलबाट आएका वक्तव्यप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । अनधिकृत चन्दा माग गर्ने प्रवृत्तिलाई निरुत्साहित र नियन्त्रण गर्न कुनै पनि राजनीतिक दलको नाम उल्लेख नगरी जारी गरिएको वक्तव्यमा नेपाल कम्युनिष्ट पार्टी विप्लवको नाम उल्लेख गरी संचारमाध्यमहरुमा प्रकाशित समाचारहरुबाट उत्पन्न भएको अन्यौलताप्रति सबै पक्ष स्पष्ट हुन आग्रह गरिएको छ ।

नेपाल कम्युनिष्ट पार्टी माओवादी , नेपाल कम्युनिष्ट पार्टी बहुमत , वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाललगायतका संगठनहरुले बिर्तामोडका शैक्षिक संस्थाहरुमा चन्दाका लागि पत्र पठाएका छन् । गोमेन्द्र , निदि , आदर्शलगायत बिर्तामोडका प्रायः सबै निजी तथा सामुदायिक शैक्षिक संस्थाहरुमा ती संगठनहरुले चन्दाका लागि पत्र पठाएको संचालकहरुले बताएका छन् ।

## घरजग्गा कब्जा गर्ने रणनीतिको पुनरावृति





झापा(प्रस) । झापामा विभिन्न राजनीतिक संगठनहरुले आफ्नो व्यानर राखेर अरुको घरजग्गा कब्जा गर्ने माओवादी रणनीतिलाई पुनरावृति गरेका छन् ।

व्यानर र झन्डा टाँगिदिँदैमा कब्जा भइहाल्ने माओवादीको विगतको रणनीतिलाई केही संगठनहरुले गैरकानुनी ढंगले फेरि प्रयोग गर्न थालेका हुन् । वैज्ञानिक समाजवादी मोर्चा नेपाल भनिने संगठनले बिर्तामोड १ स्थित बाल्मीकि एजुकेशन एकेडेमीको अगाडि होमनाथ चौधरीको पसल भएको सुवास कटुवालको घरमा आफ्नो व्यानर र झन्डा राखेर कब्जाको घोषणा गरेको छ। कटुवालले बिर्तामोड नगरपालिका-१ बस्ने होम चौधरीलाई २०५७ सालमा आफ्नो खेतीपाती गर्न ल्याएको र त्यसवापत स्थायी रुपमा बसोबास गराइदिने भनेर आश्वासन दिएकोमा हाल विभिन्न मुद्दा मामिला, धाक धम्कीसहित उक्त जग्गाबाट निकाल्न दवाब दिएको भन्दै वैज्ञानिक समाजवादी मोर्चा नेपालका झापा जिल्ला संयोजक आशिष लिम्बूलगायत ५/६ जनाको समूहले प्रेस विज्ञप्ति र झन्डा टाँगेर घरजग्गा कब्जा भएको ब्यानर राखेका छन् ।
यसअघि गत साउन २२ गते एनआइसी एसिया बैंकले लिलामी गरेको बिर्तामोडको एक घरमा दुर्गा प्रसाई नेतृत्वको राष्ट्र राष्ट्रियता धर्म संस्कृति नागरिक बचाउ महाअभियानले कब्जा गरेको भन्दै व्यानर टांगेको थियो । बिर्तामोड ५ स्थित शाक्य मेडिकलको सय मिटर उत्तरमा रहेको गिरीधारी पोद्धारको घर एनआइसी एसिया बैंकले लिलामी गरेको थियो । सो घर कब्जा गरेको भन्दै महाअभियानले राखेको व्यानर भोलिपल्ट प्रहरीले हटाएको थियो । त्यस्तै गत वर्ष कपिलमणि शिवाकोटीको बिर्तामोड ५ मा रहेको जग्गामा परेको अरु व्यक्तिको घर हटाउन खोज्दा विप्लव माओवादी नेतृत्वको कम्युनिष्ट पार्टीले व्यानर राखेर कब्जाको घोषणा गरेको थियो । जुन पछि प्रहरीले हटाएको थियो ।

कानुनी राज्यमा अझै पनि राजनीतिक संगठनहरुले त्यसरी व्यानर र झन्डा राख्दैमा कब्जा भइहाल्ने सोच राख्नु गलत भएको एक प्राध्यापक बताउँछन् । उनी त्यसरी अरको घरजग्गा कब्जा गर्नेहरुलाई प्रहरी प्रशासनले कडा कार्वाही गर्नुपर्नेमा जोड दिन्छन् । विशेषगरी घरजग्गाको कारोवार भएको ठाउँमा आर्थिक लाभ मिल्ने देखेर संगठनहरु कब्जाको रणनीतिमा अग्रसर भएको देखिएको छ ।

## आँबुखैरेनी बस दुर्घटनामा २७ जनाको मृत्यु

झापा(प्रस) । तनहुँको आँबुखैरेनी गाउँपालिकास्थित ऐनापहिरोमा भएको बस दुर्घटनामा परी मृत्यु हुनेहरुको संख्या २७ पुगेको छ ।ट्राफिक प्रहरी कार्यालय तनहुँका प्रहरी नायव निरीक्षक सन्तोष पौडेलका अनुसार बसमा सवार ४३ मध्ये २७ जनाको मृत्यु भएको छ भने अन्य १६ जना घाइते भएका छन् ।



घाइतेहरुलाई उपचारका लागि हेलिकप्टरमार्फत काठमाडौं लगिएको छ । उनीहरूको महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको छ ।
दुई दिनअघि भारतको गोरखपुर हुँदै पोखरा पुगेका भारतीय पर्यटकहरू शुक्रबार बिहान काठमाडौंका लागि पोखराबाट हिडेका थिए । उनीहरू सवार यूपी ५३ एफटी ७६२३ नम्बरको बस शुक्रबार बिहान साढे ११ बजे मर्स्याङ्दी नदी किनारमा खसेको थियो । प्रहरीका अनुसार बसमा सवार सबै यात्रुहरु भारतीय हुन् ।

# ६ करोड डुबाएपछि प्रसाई मैनालीको घरमै झुन्डिए

झापा(प्रस) । ऋण र हाइड्रोपावर कम्पनीमा गरी करिव ६ करोड रुपैयाँ डुबाएपछि त्यही पीरले बीएण्डसी हस्पिटलका संस्थापक महेन्द्र प्रसाईले नरेन्द्र मैनालीको घरमै गएर आत्महत्या गरेको खुलेको छ । मैनालीले प्रसाईसंग २ करोड रुपैयाँ ऋण लिएको र यूनिटेक हाइड्रोपावर कम्पनीमा करिव ४ करोड रुपैयाँ लगानी गर्न लगाएको बताइएको छ । प्रसाईको त्यति धेरै रकम डुबाएर मैनाली केही महिनादेखि फरार छन् । उनीमाथि प्रसाईले उजुरी दिएका थिए । तर, मैनालीलाई प्रहरीले फेला पार्न सकेको छैन ।
प्रसाईंसंगै बिर्तामोड र आसपासका अन्य व्यवसायीको समेत दुई अर्ब रुपैयाँभन्दा बढी रकम लिएर फरार मैनाली काठमाडौमा लुकेर बसेको आशंका गरिएको छ । मैनालीसंगको लेनदेनकै कारण प्रसाईले उनकै घरमा झुन्डिएर आत्महत्या गरेको हुनसक्ने कुरा परिवारले बताएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले जानकारी दिए । उनले आत्महत्या गर्ने प्रसाईसंग सुसाइड नोट फेला नपरेको बताए ।
यूनिटेक हाइड्रोपावर कम्पनीद्वारा ताप्लेजुङको साविक फावाखोला, तिरिङ्गे र सिकैचा गाविसमा रहेको





५.८ मेगावाट क्षमताको माथिल्लो फावाखोला जलविद्युत आयोजना निर्माणाधीन रहेको छ । हाइड्रोपावरमा लगानी रहेका मैनालीसंगको व्यवहारकै कारण आफ्ना ठूलाबुवाले आत्महत्या गरेको बिर्तामोड ५ का वडाध्यक्ष रोहित प्रसाईले बताए । प्रसाईको मृत्यु भएसंगै मैनालीविरुद्ध 'आत्महत्या दुरुत्साहन'को जाहेरी दर्ता भएको छ । इलाका प्रहरी कार्यालय बिर्तामोडमा प्रसाईका छोरा अर्जुनले मैनालीविरुद्ध जाहेरी दर्ता गरेको डीएसपी विष्टले जानकारी दिए ।
बिर्तामोड नगरपालिका ५ सगरमाथा टोल बस्ने ६१ वर्षीय प्रसाईले बिर्तामोड-१ सिनेप्लाजा अगाडी मैनालीको घरमा गएर बिहान आत्महत्या गरेका हुन् । उनको तीनतले घरको दोस्रो तलाको कोठामा प्रसाई झुन्डिएको प्रहरीले बताएको छ ।सिलिङको पंखा झुन्ड्याउने हुकमा नाइलनको हरियो डोरीले घाँटीमा पासो लगाइ झुन्डिरहेको मृत अवस्थामा फेला पारी स्थानीयले दिउँसो १२:२० बजे इलाका प्रहरी कार्यालय बिर्तामोडमा जानकारी गराएका थिए ।
दुर्गा प्रसाईका दाजु प्रसाई लामो समयसम्म बिर्तामोडको बीएण्डसी हस्पिटलका सञ्चालक रहेका थिए । उनी, दुर्गा प्रसाई र बुद्धशान्तिका प्रेम नेम्वाङको सक्रियतामा बीएण्डसी हस्पिटल स्थापना भएको थियो । नेम्वाङ र मृतक प्रसाई केही समय पहिला नै हस्पिटलबाट बाहिरिएका थिए ।
सुरुमा जमिनको कारोबार गरेका उनी हस्पिटलबाट बाहिरिएपछि सार्वजनिक कार्यक्रममा खासै देखिन छोडेका थिए । उनले दुर्गा प्रसाईभन्दा अगाडि भ्रष्टाचारविरोधी अभियान संचालन गरेका थिए । पछि दुर्गा प्रसाई नेतृत्वको राष्ट्र राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ महाअभियानमा जोडिएका थिए ।

## प्रमुख न्यायाधीश लुइटेललाई स्वागत

भद्रपुर(प्रस) । झापा जिल्ला अदालतमा दुई बर्षको कार्यकाल पूरा गरी प्रमुख न्यायाधीश अशोककुमार बस्नेतको सरूवा भएपछि उनको ठाउँमा उमेशप्रसाद लुइटेल आएका छन् ।
जिल्ला अदालत झापाद्धारा आयोजित कार्यक्रममा प्रमुख न्यायाधीशको कार्यभार सम्हाल्न आएका लुइटेललाई अदालतका न्यायाधीश र कर्मचारीहरुले स्वागत गरेका छन् ।
स्वागत कार्यक्रममा न्यायाधीशहरु प्रकाशकुमार अधिकारी, तेजबहादुर खड्का, नविनकुमार जोशी, नगेन्द्रकेशरी पोखरेल, रामप्रसाद पौडेल, श्रेस्तेदार किरणकुमार



सिंहलगायत अदालतका कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्दै प्रमुख न्यायाधीश लुइटेलले अदालती कामकारवाहीमा ढिलासुस्ती, पक्षपात हुन्छ भन्ने गुनासो कम गर्न अदालतबाट प्रवाह गरिने सेवामा अझ सुधार गरी पारदर्शी, छिटोछरितो, सरल एवं जनमैत्री सेवाप्रवाह गर्ने बताए ।

❖ बाँकी अन्तिम पृष्ठमा



# डम्पिङ साइड बन्यो कनकाई सामुदायिक वन

कनकाई(प्रस) ।झापाको कनकाई नगरपालिकाले लामो समयदेखि डम्पिङ साइड बनाउँदै आएको तराईकै पहिलो सामुदायिक वन फोहोरका कारण दिन प्रतिदिन दुर्गन्धित बन्दै गएको छ ।

पूर्वकै धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा स्थापित पवित्र कनकाई नदी साथै धार्मिक क्षेत्र कोटीहोम परिसर आसपासको कनकाई सामुदायिक वनक्षेत्र लामो समयदेखि कनकाई नगरपालिकाको डम्पिङ साइड बनेको हो ।कनकाई-२ स्थित सुकेडाँगीको कनकाई-बिर्ता-अर्जुन नविकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनीमा फोहोर वर्गीकरण (सेग्रीगेसन) मेसिन बन्द भएका कारण कनकाई नगरक्षेत्रको प्लाष्टिकजन्य फोहोरसँगै सबै किसिमका फोहोर वनक्षेत्रमा फाल्न थालेपछि स्थानीय स्तरमा दुर्गन्ध बढेको बताइएको छ ।

कम्पनीमा जम्मा भएको फोहोरले ग्रामीण क्षेत्रमा दुर्गन्ध बढेको भन्दै स्थानीयबासीबाट अवरोध आएपछि फोहोर वर्गीकरण गर्ने मेसिन बन्द गरिएको हो । वनक्षेत्रमा रहेको डम्पिङ साइडमा फालिएको फोहोरबाट समेत दुर्गन्ध बढेसँगै विभिन्न किसिमका रोग फैलने डरका कारण वन आसपासका स्थानीयबासीले केही दिनअघि फोहोर संकलन गरेर आएको कनकाई नगरपालिकाको गाडीलाई अवरोध गरेका थिए ।

ग्रामीण क्षेत्रको बाटो हुँदै सामुदायिक वनतर्फ फोहोर लिएर गएका ट्र्याक्टर र टिपरबाट दुर्गन्ध फैलिएको साथै बाटामा फोहोर फाल्दै हिडेका कारण मानव स्वास्थ्यमा समस्या हुने गरेको भन्दै स्थानीयबासीले फोहोर लिएर गएको गाडीलाई अवरोध गरेको नगरपालिकाका सफाई कर्मचारीहरु बताउँछन् । स्थानीयबासीबाट अवरोध भएपछि सफाई कर्मचारीले अहिले कोटीहोम धार्मिक क्षेत्र आसपासको बाटो हुँदै सामुदायिक वनको डम्पिङ साइडमा फोहोर थुपार्ने गरेको बताइएको छ ।

विभिन्न मठमन्दिर, प्रहरीका नाममा निर्माण भएपनि हाल मजदुर बस्दै आएको घर, चौतारी, खेलमैदान, आवश्यकताभन्दा बढी निर्माण भएका बाटाहरु, कृषि बजारसँगै निर्माण भएका संरचनाहरुका कारण कनकाई सामुदायिक वन हरेक वर्ष अतिक्रमणको चपेटामा पर्दै आएको सरोकारवाला बताउँछन् ।

वनक्षेत्रमा रहेको डम्पिङ साइडमा बजार क्षेत्रसहित गाउँ-घरको सबै किसिमको फोहोर, मासु पसल, सैलुन, मेडिकलबाट निस्किने फोहोर डम्पिङ साइडमा फ्याकिएका छन् । त्यसैगरी डाइफर, रक्सीका बोतल, मेडिकलमा प्रयोग भएका सुई, सीसी, अन्य बोतल फालिएको देख्न सकिन्छ।

स्थानीय सरकारले फोहोरलाई जतिसक्दो चाँडो अन्य स्थानमा व्यवस्थापन गर्नुपर्ने भन्दै कनकाई सामुदायिक वन समूहका अध्यक्ष खेमप्रसाद ओलीले सामुदायिक वन फोहोर व्यवस्थापनको दिर्घकालीन समाधानको क्षेत्र नभएको बताएका छन् । कनकाई नगर क्षेत्रमा फोहोर व्यवस्थापनको ठूलो समस्या भएपछि नगरपालिकाको अनुरोधमा केही वर्षअघि छोटो समयका लागि स्थान उपलब्ध गराएको भन्दै वन समूहका अध्यक्ष ओलीले अब कनकाई नगरपालिकाले सामुदायिक वनलाई डम्पिङ साइड बनाउन नहुने सुझाव दिए । स्थानीय उपभोक्ताहरुबाट समेत पटक-पटक अवरोध सिर्जना भएका कारण फोहोरको बैकल्पिक व्यवस्थापनका लागि नगरपालिका गम्भीर हुनु जरुरी रहेको अध्यक्ष ओली बताउँछन् ।

वनक्षेत्रमा फोहोर नफाल्न सम्बन्धित निकायलाई पटक-पटक जानकारी गराएको भएपनि यसमा कुनै निकायबाट सुनुवाई नभएको स्थानीय उपभोक्ताले गुनासो गरेका छन् । यता स्थानीय सरकारका प्रतिनिधिसमेत रहेका कनकाईको वडा नं.-२ का वडाध्यक्ष बलराम राईसमेत फोहोर व्यवस्थापनका विषयमा आफू निकै गम्भीर बनेको बताउँछन् ।

फोहोरमैला व्यवस्थापन गर्न बनेको ऊर्जा कम्पनी र कनकाई सामुदायिक वन क्षेत्रको डम्पिङ साइडका कारण विशेष गरी कनकाईको वडा नं.२ प्रत्यक्ष रुपमा प्रभावित बनेको वडाध्यक्ष राईको भनाई छ । कनकाई नगरक्षेत्रमा फोहोर व्यवस्थापन ठूलो चुनौती बनेको भन्दै वडाध्यक्ष राईले यस विषयमा नगरक्षेत्रमा क्रियाशील राजनीतिक दल, सामाजिक संघ संस्थासहित सरोकारवालाबिच संवाद हुनु जरुरी रहेको बताए ।

हरियाली वन क्षेत्र वातावरणीय हिसाबले राम्रो मानिदै आएपनि कनकाई नगरलाई धार्मिक तथा पर्यटकीय क्षेत्रका रुपमा पहिचान दिएको सामुदायिक वन भने फोहोर फाल्ने डम्पिङ साइड बन्नु राम्रो कुरा नभएको स्थानीयबासी बताउँछन् ।

कनकाई नगरपालिकाले नगरक्षेत्रको मुख्य बजार सुरुङ्गाको लागि कनकाई सामुदायिक वनलाई डम्पिङ साइड बनाएको छ भने दुर्गापुर बजारसहित आसपासको ग्रामीण क्षेत्रका लागि कनकाई-७ स्थित निर्माणाधिन श्रमिक स्वावलम्बन उद्योग आसपासको जंगलमा खुल्ला डम्पिङ साइड बनाएको छ । त्यस्तै लक्ष्मीपुर र घैलाडुब्बा बजारका लागि समेत सोही वडामा रहेको बिरिङको धारसँगैको जंगलमा फोहोर फाल्ने गरेको सफाई कर्मचारी बताउँछन् ।

विशेषगरी बजारको फोहोर वनक्षेत्रमा फाल्नाले स्वच्छ वातावरण मानिने क्षेत्रमै दुर्गन्ध बढेको स्थानीय कनकाई-२ निवासी दिलकुमारी श्रेष्ठ बताउँछिन् । गाउँबाट पवित्र कनकाई नदीमा नुहाउने र पूजापाठ गर्न जाने भक्तजनहरुका लागि समेत वनक्षेत्रमा थुपारेको फोहोरका कारण नाक थुन्दै हिड्नु पर्ने समस्या भएको श्रेष्ठको भनाई छ ।

सामुदायिक वनमा फ्याकिएको फोहोरको दुर्गन्धका कारण गाउँ-गाउँबाट धार्मिक तथा पर्यटकीय क्षेत्र कोटीहोम साथै कनकाई नदीमा सहज रुपमा आवतजावत गर्न समस्या भएको स्थानीय जेष्ठ नागरिक हर्कबहादुर श्रेष्ठको भनाई छ । पश्चिमबाट आएको हावाले डम्पिङ साइडको दुर्गन्ध सोझै गाउँघरमा ल्याउने भएकाले यसको समस्या समाधानमा सरोकारवाला निकाय गम्भीर नभएको स्थानीय जेष्ठ नागरिक श्रेष्ठको आरोप छ ।

# करुणा फाउण्डेशनको कार्यक्रमप्रति आपत्ति



झापा(प्रस) । नेकपा एमालेको भगिनी संगठन अखिल नेपाल महिला संघ शिवसताक्षीको नयाँ नेतृत्व चयन भएको छ ।

दुधेस्थित आदिवासी जनजाति सामुदायिक भवनको सभाहलमा महिला संघको तेस्रो नगर सम्मेलन सम्पन्न भएको हो । सो सम्मेलनबाट शिवसताक्षी नगरपालिका वडा नम्बर १० की कोपिला चिमरिया मैनालीको नेतृत्वमा आगामी एक वर्षका लागि नयाँ कार्यसमिति चयन भएको निर्वाचन समितिले जनाएको छ।

नवगठित कमिटीको उपाध्यक्षमा निर्मला प्रसाई, सचिव चन्द्रकला सापकोटा, उपसचिव गङ्गा चापागाईं र कोषाध्यक्ष सुजता भुसाल सर्वसम्मत चयन भएका छन्। खुल्ला सदस्यमा ललिता (रञ्जना) सापकोटा, शोभा खुलाल, शर्मिला रिमाल, अरुणा राई, सपना बस्नेत लिवाङ, अम्बिका दाहाल चयन भएका छन् । त्यस्तै अम्बिका भण्डारी, संगीता नेम्वाङ, रीमा बिक, हिमादेवी प्रधान, कल्पना श्रेष्ठ, नरमाया सापकोटा, मुना दाहाल तिम्सिना, महकुमारी राजवंशी, चन्द्रावती ताजपुरिया , मेनुका बास्कोटा, मन्जु कार्की र संगीता सुबेदी पनि खुला सदस्य पदमा चयन भएका छन्।

यस्तै आदिवासी जनजाति कोटाका सन्तकुमारी शेर्मा थोप्रा र डोल्मा तामाङ निर्विरोध चयन भएका छन् भने युवा क्लस्टरबाट प्रमिला आचार्य र प्रतिमा आचार्य फुयाल सर्वसम्मत चयन भएका छन्।

यस्तै दलित, अल्पसंख्यक तथा पिछडा वर्गको क्लस्टरमा मंगलादेवी बिक, रिमा दर्नाल र अस्मिता नेपाली चयन भएका छन् ।

अखिल नेपाल महिला संघकी केन्द्रीय सदस्य अम्बिका खवास राजवंशीको प्रमुख आतिथ्यमा भएको सम्मेलनको पहिलो सत्रमा नेकपा एमालेका प्रदेश कमिटी सदस्य चन्द्रकुमार शेर्मा, पार्टी जिल्ला सल्लाहकार समितिका संयोजक राधाकृष्ण खनाल, झापा निर्वाचन क्षेत्र नम्बर ४ का संयोजक धनबहादुर थेवे, अखिल नेपाल महिला संघ जिल्ला कमिटी झापाकी कोषाध्यक्ष कोपिला (कल्पना) चौलागाईं, नेकपा एमाले शिवसताक्षीका उपाध्यक्ष विष्णुप्रसाद प्रसाईले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रमको पहिलो सत्र आयोजक कमिटीकी अध्यक्ष मनमाया तिवारीको अध्यक्षतामा भएको थियो भने दोस्रो सत्रको कार्यक्रम अखिल नेपाल महिला संघ कोशी प्रदेश कमिटी सदस्य नरमाया कार्कीको अध्यक्षतामा भएको थियो । पहिलो सत्रको सहजीकरण निवर्तमान सचिव कोपिला चिमरिया मैनाली र दोस्रो सत्रको सहजीकरण कोपिला (कल्पना) चौलागाईं ले गरेको अखिल नेपाल महिला संघ शिवसताक्षी नगर कमिटीले जनाएको छ।

कार्यक्रममा विभिन्न विधाका पाँच महिलालाई सम्मान गरिएको छ। पूर्व प्रदेश कमिटी सदस्य भोजकुमारी नेपाल, सेल्टरदाता विष्णुमाया खनाल, ख्यामकुमारी सिटौला, भिमादेवी अधिकारी, दिलमाया श्रेष्ठ र सीता प्रसाईलाई सम्मान गरिएको हो।

# मोरङ ताप्लेजुङ गोल्डकपको फाइनलमा

झापा(प्रस) । आयोजक टोली संघर्ष स्पोर्टिङ युवा क्लबलाई पराजित गर्दै सगरमाथा युथ क्लब मोरङ अन्तर्राष्ट्रिय आमन्त्रण दोस्रो ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। शुक्रबार भएको सेमीफाइनलमा संघर्ष स्पोर्टिङलाई २-१ को गोलअन्तरले पराजित गर्दै सगरमाथा युथ क्लब फाइनल पुगेको हो।



निर्धारित ९० मिनेटको समयावधिमा दुवै टोली एक-एक गोल बराबरीमा रोकिएका थिए। थप भएको १५ मिनेटको अतिरिक्त समयमा सगरमाथा युथको तर्फबाट गोल गर्न सफल भएपछि मोरङले फाइनल यात्रा सुनिश्चित गरेको हो। मोरङको जितका लागि खेल सुरु भएको ९ औं मिनेटमा र थपिएको अतिरिक्त समयमा दुवै गोल मिलन राईले गरेका हुन् ।

दुवै टोलीले तीब्र प्रतिस्पर्धात्मक खेल प्रदर्शन गरेको भए पनि अतिरिक्त समयमा गोल गर्न नसक्दा सेमिफाइनल खेलेर संघर्षको यात्रा टुङ्गिएको छ। क्वार्टरफाइनलमा भारतको सिलिगुडीलाई पराजित गर्दै आयोजक टोली संघर्ष स्पोर्टिङ र बुटवल लुम्बिनी फुटबल क्लब रुपन्देहीलाई पराजित गर्दै मोरङ विजयी भएका थिए। शुक्रवारको खेलमा मोरङका मिलन राई सर्वश्रेष्ठ खेलाडी घोषित हुँदै पाँच हजार रुपियाँ नगद पुरस्कार प्राप्त गरे।

अब शनिबार हुने दोस्रो सेमिफाइनल खेल बिर्तामोड युनाइटेड फुटबल क्लब झापा र सलहेश युवा क्लब सिरहाबिच हुने छ। बिर्तामोडले त्रिभुवन आर्मी फुटबल क्लब काठमाडौं र सिरहाले पाँचथर फुटबल क्लबलाई हराउँदै सेमिफाइनलमा पुगेका हुन्।

यसवर्ष प्रतियोगिता विजेताले ट्रफी, मेडल, प्रमाणपत्रसहित पाँच लाख रुपियाँ राशिको नगद पुरस्कार पाउने छ। त्यस्तै उपविजेताले दुई लाख ५० हजार ५५५ रुपियाँ नगद पुरस्कार प्राप्त गर्ने प्रतियोगिता आयोजक लाखेजात्रा सञ्चालन समितिका अध्यक्ष देवराज गुरुङले जानकारी दिए। आयोजकका अनुसार प्रतियोगिताको फाइनल खेल भदौ १० गते सोमवार हुने छ।


## सटर खाली गर्ने बारे १५ दिने सूचना

बिर्तामोड ५ निवासी सुवेन धिमालको नाममा दर्ता कायम रहेको साविक अनारमनी ३ हाल बिर्तामोड न.पा. ५ मा पर्ने कि.नं १९८ को ज.वि. ३४४.१५ जग्गामा बनेको तिन तला घरको भुइ तलाको एक सटरमा विगत १८ वर्ष देखी रु ६००० (छ हजार) भाडामा लिई किराना पसल संचालन गर्दै आउनु भएको पवन अग्रवाल विगत आठ (८) महिना देखी सटर कोठा ताला लगाई सम्पर्क विहिन भएको हुँदा घर धनीले बिर्तामोड न.पा. वार्ड नं ५ वडा कार्यालयमा २०८१/०४/२१ गतेका दिन कोठा खाली गराई पाउँ भनी निवेदन पेश गरी सकेकोले पुन: पत्रिकामा १५ दिने सूचना प्रकाशित गरिएको छ । यस सूचनालाई वेवास्ता गरि लिखीत जवाफ नआए वा सम्पर्कमा नआए कानुन बमोजिम भईजाने कुरा जानकारी गरिन्छ ।

**बिर्तामोड नगरपालिका**

**५ नं. वडा कार्यालय झापा**


## महिला...

झापाका सदस्यहरु रामकुमारी पौडेल, मन्दरा पौडेल, सरस्वती सेढाई, रोशन विष्ट, मेनुका बुढाथोकी, रश्मिशेखर सुवेदी, नेपाल महिला संघ केन्द्रीय सदस्य लक्ष्मी बाह्रकोटी प्रसाई, झापा उपाध्यक्ष नौताली राजवंशी, सचिव उर्मिला ढकाल पोखरेल, जिल्ला सदस्य सिता बास्कोटा, पार्टीका क्षेत्रीय सभापति ढुण्डिराज भण्डारीलगायतको आतिथ्य रहेको थियो । कार्यक्रममा महिलाको नेतृत्व विकासका विषयमा बद्री कार्की, संविधान-कानूनमा महिला अधिकारसम्बन्धी ब्यवस्थाका विषयमा नारायण पौडेल र नेपालको प्रजातान्त्रिक आन्दोलन र महिला संघका विषयमा चेतामणि खनालले प्रशिक्षण दिएका थिए ।

नेपाल महिला संघ ५ नम्बर क्षेत्रीय सभापति गोमा बुढाथोकीको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत चन्द्रकला सिग्देल तथा सञ्चालन कल्पना थापा र निर्मला बजगाईले संयुक्त रुपमा गरेका थिए ।

## प्रमुख...

उनले अदालतप्रति जनताको जनविश्वास बढाउने अदालतको लक्ष्य रहेको स्पष्ट पारे । न्याय सम्पादनलाई अझ प्रभावकारी बनाउन कर्मचारी वर्गले उत्कृष्ट नतिजामुखी काम गर्न आवश्यक रहेको न्यायाधीश तेजबहादुर खड्काले बताए । त्यसैगरी, मुद्दाको संख्या बढ्दै गएपनि अदालतको पूर्वाधार र जनशक्ति अभावका बाबजुद गुनासो नआउने गरी काम गरिने अदालतका श्रेस्तेदार सिंहले बताए । कार्यक्रमको संचालन अदालतको प्रशासन शाखाका शाखा अधिकृत रामचन्द्र बस्नेतले गरेका थिए ।

झापा जिल्ला अदालतमा ९ जना न्यायाधीशको दरबन्दी रहेकोमा हाल ७ जना न्यायाधीश रहेका छन् ।सामान्यतया २/२ बर्षमा न्यायाधीशको सरुवा हुने गरेको छ । सरुवा भएर आएका अर्का न्यायाधीश महेन्द्रप्रसाद पोखरेल समेतलाई सोही कार्यक्रममा स्वागत गरिएको अदालत प्रशासनले जनाएको छ।


## कर्मचारी आवश्यकता

यस सहकारी संस्थामा रिक्त रहेको निम्न पदहरुकोलागी खुला प्रतियोगिताद्रारा पदपुर्ति गर्नुपर्ने भएकोले देहायका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट मिति २०८१/०५/११ गते भित्रमा पायक पर्ने सेवा केन्द्रबाट फारम भरि उम्मेद्वारी दिन सकिनेछ ।

**तपशिल :-**

| बिज्ञापन न | पद | उमेर | संख्या | शेवा केन्द्र |
|---|---|---|---|---|
| ०१/२०८१/८२ | सेवा केन्द्र प्रमुख | २१ देखी ३० सम्म | १ | बुधबारे सेवा केन्द्र |
| ०२/२०८१/८२ | कार्यालय सहायक | १८ वर्ष देखी २५ वर्ष सम्म | १ | खुदुनाबारी |
| ०३/२०८१/८२ | कार्यालय सहायक | | १ | दुधे |
| ०४/२०८१/८२ | कार्यालय सहायक | | १ | चन्द्रगढि |

तलब तथा अन्य सुबिधा :- संस्थाको नियम बमोजिम,

**सेवा केन्द्र प्रमुखको लागी शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट ब्यवस्थापन/मानविकी(अर्थशास्त्र) मा स्नातक तह हासिल गरेको ।

**कार्यालय सहायकको लागी शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट ब्यवस्थापन/मानविकी(अर्थशास्त्र) मा १०+ २ उपाधि हासिल गरेका

**आवश्यक कागजातहरु :**

१. हस्त लिखित निवेदन तथा फोटा २.नागरिकताको प्रतिलिपी ३.शैक्षिक योग्यताको प्रमाण पत्र

४. तालिम तथा अनुभवको प्रतिलिपी ५. ब्यक्तिगत विवरण ६. मोटरसाईकल चालक अनुमति पत्र ( भएमा)

**उमेद्वारको छनौट बिधि :-**

१. लिखित, प्रयोगात्मक तथा अन्तवार्ता

**निवेदन दस्तुर रू ५००**

**ई सेवा नम्बर** 9814960597

थप जानकारीका लागि : https://swarojagarbhawanisaccos.com.np/

संयोजक

पद पुर्ति उप समिती

**श्री स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि. केन्द्रिय कार्यालय : बिर्तामोड, झापा**



## बिर्तामोड नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

बिर्तामोड, झापा

कोशी प्रदेश, नेपाल

## राष्ट्रिय परिचयपत्र विवरण दर्ता समय तालिका बारे अत्यन्त जरूरी सूचना

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने, पेन्सन प्राप्त गर्ने तथा राष्ट्रिय परिचयपत्र विवरण दर्ता गर्न योग्य नगरबासीहरुका लागि तपशिलको मिति, स्थान र समयमा राष्ट्रिय परिचयपत्र दर्ता अभियान सन्चालन हुने हुदाँ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

| वडा नं. | मिति देखि | मिति सम्म | दर्ता हुने स्थान | सेवा प्रवाह प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ र ६ | २०८१ भदौ ४ गते | २०८१ भदौ ९ गते | नगरपालिका कार्यालय | अनलाइन | आवश्कता अनुसार अर्को सूचना प्रकाशन गर्न सकिनेछ । |
| २ र ७ | २०८१ भदौ १२ गते | २०८१ भदौ १७ गते | नगरपालिका कार्यालय | अनलाइन | |
| ३ र ८ | २०८१ भदौ १८ गते | २०८१ भदौ २१ गते | नगरपालिका कार्यालय | अनलाइन | |
| ४ र ९ | २०८१ भदौ २३ गते | २०८१ भदौ २६ गते | नगरपालिका कार्यालय | अनलाइन | |
| ५ र १० | २०८१ भदौ २७ गते | २०८१ भदौ ३१ गते | नगरपालिका कार्यालय | अनलाइन | |

- **समय : कार्यालय समयभित्र (बिदाको दिन दर्ता अभियान बन्द रहेन छ ।)**
- **सामाजिक सुरक्षा भत्ता र पेन्सन प्राप्त गर्नेहरुलाई पहिलो प्राथमिकतामा राखिने छ ।**

**पुनश्च :** बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने, अशक्त, असहाय वा ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको हकमा परिचयपत्रमा विवरण दर्ता नभए पनि सामाजिक सुरक्षा भत्ता लिन बाधा नपर्ने व्यहोरा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०८१।०२।३० गतेको सूचना अनुसार जानकारी गराइन्छ ।

**आवश्यक कागजातहरु (सबै कागजातहरु सक्कल हुनु पर्ने छ अन्यथा विवरण दर्ता गरिने छैन ।)**

सक्कल नागरिकता, विवाह भएको हकमा सक्कल विवाह दर्ता, बसाईसराईको हकमा सक्कल बसाईसराई दर्ता, विदुर / एकल महिलाको हकमा सक्कल मृत्यु दर्ता, सक्कल सामाजिक सुरक्षा भत्ता कार्ड, सक्कल पेन्सन पट्टा ।

**बोधार्थ :**

वडा कार्यालय सबै :- प्रचार प्रसार गरिदिनु हुन ।

सूचना प्रविधि शाखा :- वेबसाइटमा राखिदिनु हुन ।

**राधा कृष्ण खतिवडा**

**प्रमुख प्रशासकिय अधिकृत**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# मंकीपक्सबाट सतर्क

हाल अफ्रिकी मुलुकमा तीव्र रूपमा फैलिरहेको मंकीपक्स सङ्क्रमणबाट पाँच सयभन्दा बढीको मृत्यु भइसकेको छ । अफ्रिकी मुलुकमा मात्र सीमित यो रोग केही वर्षदेखि विश्वका विभिन्न देशमा देखिँदै आएको छ ।
मंकीपक्स विश्वभर फैलिन सक्ने भन्दै विश्व स्वास्थ्य संगठनले विश्वव्यापी जनस्वास्थ्य आपतकाल घोषणा गरेको छ । नेपालमा हालसम्म यो रोग नदेखिए पनि विश्वका धेरै मुलुकमा देखापरेकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सचेत रहन आग्रह गरेको छ ।

शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनका अनुसार मंकीपक्स भाइरसबाट सर्ने एक किसिमको सरुवा रोग हो । यो सङ्क्रमित व्यक्ति वा पशुसँग सम्पर्कमा आउँदा थुक, न्याल, घाउ, खटिरा शरीरबाट निस्कने तरल पदार्थ दूषित सतह र सामग्रीबाट सर्ने डा. पुन बताउनुहुन्छ । त्यसका अलावा श्वासनली, आँखा, नाक वा मुख, काटिएको, टोकिएको वा फुटेको छालाबाट निस्किएको तरल पदार्थबाट सर्ने गर्छ ।
कोभिड महामारी विश्वका अरू देशमा फैलिँदा नेपालले खास वास्ता गरेन। पूर्वतयारी र प्रतिकार्यको चाँजोपाँजो भएन। नेपालीलाई त्यस्ता रोगले छुन सक्दैन शैलीका हावादारी हल्ला धेरै फिजियो। सरकार पनि मस्तराम बन्यो।
कोभिडकै बेला पर्यटनमन्त्री अस्ट्रेलिया भ्रमणमा गएर नेपाल सुरक्षित छ भन्ने हास्यास्पद कार्यक्रम गरे। त्यसबाट विश्व मंचमा नेपाल लज्जाको विषय बन्यो। अनि कोभिड– १९ ले घेरिहाल्यो। लकडाउन (बन्दाबन्दी) नै गर्नुपर्‍यो। अनि १० हजारभन्दा बढी नेपालीले कोभिड– १९ मा ज्यान गुमाए। अहिले विश्व स्वास्थ्य संगठनले मंकीपक्स भन्ने रोगको महामारी फैलिएको भन्दै आपत्काल घोषणा गरिसकेको छ। तर, नेपाल भने यसबारे केही सोचेजस्तो र जोखिम नियन्त्रण र प्रतिकार्यका लागि तयारीमा देखिन्न। जबकि अफ्रिकी मुलुकहरूमा यो रोगले कैयौंको ज्यान लिइसकेको छ। र, छिमेकी पाकिस्तानसम्म यो रोग देखा परिसक्यो। अब भारतसँग खुला सीमा भएको नेपाल भित्रिन बेर नलाग्न सक्छ।
कोभिडभन्दा मंकीपक्स खतरनाक छ। सासकै माध्यमबाट यो एकअर्कामा सर्छ। एउटै ओच्छ्यान प्रयोग गर्दा पनि सर्छ। पोहोरै विदेशबाट आएकी एकजनामा यो रोग नेपाल देखा परिसकेको हो। ती महिला पछि निको भइन् र रोग फैलन पनि पाएन। यसपछि भने विश्व स्वास्थ्य संगठनले विश्वभर यसको आतंक फैलन सक्ने भन्दै चेतावनी दिइसकेको सन्दर्भ यहाँ मननीय छ।हामी सबैजना बेलैमा सतर्क हुन जरुरी छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सांस्कृतिक विविधतामा शिक्षा



• नरेन्द्रजङ्ग पिटर

सभ्यताको विकास र प्रगतिका लागि शिक्षा महत्वपूर्ण साधन हो । शिक्षाले विवेक, ज्ञान, समझदारी र समर्पण भावना विकसित गर्छ । समग्र क्षेत्रमा समृद्धिको मार्ग खोलिदिन्छ । संस्कृति विकासमा शिक्षा र ज्ञानले मान्छेभित्र रहेको प्रज्ञाचक्षु खोल्दै, अद्भूत रहस्य र क्षमतालाई भूमिकामा उतारिन्छ । साहस र क्षमताको अन्तरघुलन गराएर पुराना सोच, मान्यता र विश्वास समायानुकूल भत्काउँदै युगान्तर गरिदिन्छ । विषयलाई कहाँ उभिएर कुन चस्माले हेर्ने ? कसरी बुझ्ने र त्यसलाई कसरी भूमिकामा उतार्ने मुख्य कुरा हो । आँखालाई दृष्टिमा फेरेर जीवन र जगत हेर्ने, बुझ्ने र दृष्टिकोण निर्माण गर्दै ज्ञान क्षेत्रमा प्रवेश गराउने माध्यम शिक्षा हो । शिक्षाले व्यक्तित्वमा बौद्धिक, सामाजिक, आर्थिक, भौतिक, नैतिक सर्वाङ्गीण विकास गराउँछ । ज्ञान मार्गमा प्रवेश गराउँदै उन्नत सिप सिकाउँछ । जिज्ञासाको मुहान खोतल्दै थप जानकारीको भोक जगाउने निरन्तर चलिरहने प्रक्रिया हो ।
सभ्यताको विकासक्रममा शिक्षाले विचारधारामा प्रवेश गराउन कामको पछाडि कारण सोच्न ललकार्यो । संसार विचारधाराले नै फेरियो । सत्य थाहा पाउन के भयो ? किन भयो ? कसरी भयो ? भन्ने कुरालाई तथ्य जोडिएको तर्कले ज्ञानको क्षेत्रफल फैलाउँदै गयो । प्रज्ञाचक्षु खोल्दै गएपछि जिज्ञासायुक्त प्रेरणा पाउँदै गयो ।

### विद्या

मान्छे ज्ञानको खोजीमा निरन्तर लागिरह्यो । पाएको ज्ञान, गरिएको आविष्कार, उद्घाटित रहस्यले थप अध्ययन गर्न हौसिरह्यो । ज्ञानका लागि सन्तुष्टि आत्महत्या हुन्थ्यो भने दार्शनिक, वैज्ञानिक, अनुसन्धाता सधैँ असन्तुष्ट हुँदै थप अध्ययन अनुसन्धान गर्दै गए । हरेक विद्यार्थी आफ्ना गुरुलाई उछिन्दै रहे । गुरुहरूले पनि आफ्ना शिष्यले आफूलाई जितोस् भन्ने मान्यता राख्दा नयाँ सोच, मान्यता र आविष्कार थपिँदै गए ।
शिक्षाको परिपक्वता विद्या हो । शिक्षाका स्थापित मानदण्ड हुन्छन् । विद्याले भने स्थापित मान्यतालाई भत्काउँदै उन्नत गर्दै ज्ञानका क्षेत्रफल बढाउँदै लैजान्छ । पुराना विश्वास भत्काउन र नयाँ स्थापना गराउन शिक्षा मात्र पर्याप्त हुँदैन विद्या आवश्यक हुन्छ । सत्य सार्वभौम भए पनि सत्यले वाणी पाउन भने व्याख्यातामा भर पर्नु पर्छ । ज्ञानको समृद्धिसँगै पुराना मानक र मान्यता भत्काएर नयाँ सत्य परिभाषित हुँदै जान्छन् । दार्शनिकले नयाँ तथ्य र तर्कले समृद्धि गर्दै नयाँ मानक तयार गर्छन् ।
शिक्षा औपचारिक भए पनि विद्या औपचारिकतामा सीमित हुँदैनन् । शिक्षित भएर मात्रै पुग्दैन क्षमताहीन पनि हुन सक्छ । स्थापित अप्रमाणित मानदण्ड र सूत्र भत्काएर आफ्नै विवेक, समझदारी, अनुभव, योग्यताको उपयोग गरेर ज्ञानीजन अघि बढ्छन् । नयाँ तथ्यमा टेक्दै, प्रयोगले नयाँ तर्कको सामाजिकीरण गर्छन् ।
ग्रिसका विद्वान् अरस्तुले (इसापूर्व ३८४-३४७) महिलाका त दाँत पनि पुरुषभन्दा कम हुन्छन् भनेर भन्दिए । त्यसै कारण उनीहरू पुरुष बराबर हुन सक्दैनन् भने । धेरै समयसम्म पश्चिमा जगत्मा स्वीकारियो । इसाको दोस्रो शताब्दीका गणितज्ञ एवं खगोलविद्, दार्शनिक टोलेमीले 'पृथ्वी केन्द्र हो, यो स्थिर छ र अरू सबै आकाशीय पिण्डले यसलाई परिक्रमा गर्छन्, त्यसै गरी ब्रह्माण्डको आकार सीमित छ' भन्ने मान्यता राख्थे । क्रिश्चियन धर्मले पनि सूर्यले नै पृथ्वीलाई घुम्छ भनेको छ । वेद र पुराणले त सूर्य भनेको भगवान् हुन्, उनी रथमा चढेर संसार हेर्दै आकाशमा यात्रा गर्छन् भनेका छन् । पहिले मानिस सूर्यले नै पृथ्वीलाई घुम्छ भनी सोच्ने गर्थे । उनीहरूको पक्कापक्की विश्वास यसैमा थियो ।

### संस्कृति

कुनै पनि देश, जाति र समुदायको आत्मा संस्कृति हुने गर्छ । हरेक समाजमा अन्तरनिहित गुण, इतिहास र समग्र रूपको नाम संस्कृति हो । सभ्यताका इतिहास, मानव जातिको सङ्घर्षका इतिवृत्ति, भूगोल, भाषा, साहित्य, परम्परा, व्यवहार, चिन्तन प्रणाली, जन्मदेखि मृत्युसम्मका गरिने र हुने चलन, राजनीति र शक्तिका सङ्घर्ष, सामाजिक द्वन्द्वका कथाव्यथालाई एउटै डालोमा राख्दा जुन चित्र र चरित्र देखा पर्छ त्यो नै संस्कृति हो । धर्म र संस्कृति भने फरक हुन् ।
आविष्कारको जननी शिक्षालाई जब सामाजिकीरण गरियो तब संस्कृति, सभ्यता उन्नत हुँदै गए । तर्कवादी सोचले संस्कृतिमा रहेका राम्रा पक्षको संरक्षण र नराम्रा पक्षलाई खारेज गर्दै नित्य नयाँ बन्दै सामाजिक सोच बन्दै गए । मानवीय संस्कार र व्यवहार संस्कृतिले निर्धारण गर्ने हुँदा समाजको सोच विचारलाई, काम र व्यवहारमार्फत समग्रता संस्कृतिमा झल्किन्छ । हरेक देश, सभ्यता, जाति, र समुदायका आनीबानी संस्कृतिले निर्धारण गर्छ । भाषा, साहित्य, जीवन मूल्य र व्यक्तिका आदर्शमा देखा पर्छन् ।

संस्कृतिको निर्धारण संस्कार, संस्कारमा सुधार र परिष्कार हुँदै जान्छन् । सभ्यता विकासका कालखण्डसँगै संस्कृति पनि विकसित हुँदै जान्छ । उत्पादनका साधनस्रोत र स्वामित्वले सांस्कृतिक उथलपुथलमा प्रभाव पारिरहेका हुन्छन् । व्यक्तिगत नभई सामूहिक चिन्तनले संस्कृतिलाई प्रभावित पार्छ । सांस्कृतिक पहिचान इतिहास संरक्षित गर्ने एउटा तरिका पनि हो । संस्कृतिले सामूहिकता मात्रै निर्माण गर्दैन समूहमा सुरक्षा भाव पनि जगाउँछ । सोच्ने र बाँच्ने तरिकासँग सांस्कृतिक सामूहिक थलो बनेर जातीय, भेगीय राष्ट्रियतामा फेरिन्छ ।

सभ्यता विकास साथै विभिन्न भूगोल, जाति, भौगोलिक सभ्यताले संस्कृति, चालचलन र धर्म विकास हुँदै गए । भाषा, लिपिले ज्ञान, शिक्षा र अनुभव समाजमा हस्तान्तरण हुँदै गयो । एकअर्काका भूमिका, शिक्षा, भूगोल वा सभ्यता अन्यत्रले पनि सिको गर्दै गए । ज्ञानको फैलावटसँगै सभ्यताका उत्थान र पतन हुँदै गए भने ज्ञान केन्द्रका भूगोल पनि फेरिँदै गए । नालन्दा, तक्षशीला, सिकन्दरिया या अलेक्जेन्ड्रिया, युनान, फारसका ज्ञान, विज्ञान, दर्शन र आविष्कार इतिहासले मानव जातिका लागि सुन्दर उपहार बने ।
अहिले भने शिक्षार्थीमाथि अभिभावक र बजारको धेरै दबाब छ । आफूले पूरा गर्न नसकेका र अपेक्षा गरेका भूमिका सन्तानले पूरा गरिदिउँन् भन्ने अभिभावक सोच्छन् भने बजारमा के बिक्न सक्छ भन्ने शिक्षार्थीमा हुन्छ । ज्ञान र विद्याभन्दा पनि शिक्षार्थीलाई विद्यार्थी बन्न नदिने त□व भनेको शिक्षित बजारमा के, कसरी बिक्ने भन्ने दबाब हो । शिक्षितजन सामाजिक सरोकारसँग जोडिएर मानवीय दायित्व पूरा गर्छन् । सामाजिक सरोकारसँग बेवास्ता हुनुपछाडि विश्व श्रम बजारमा बिक्ने भन्ने दबाबले व्यक्तिवाद पनपिन जानु हो । नजान्नु भनेको नहुनु होइन । हरेक वैज्ञानिक आविष्कारले हाम्रा विविधता सोच, संस्कृति र भूमिकालाई चामत्कारिक वैज्ञानिक खोजले प्रभावित र उन्नत बनाइरहेका हुन्छन् । सत्यजितको भनाई राखौँ- वैज्ञानिकले पछिल्लो समयमा विज्ञानको क्षेत्रमा चामत्कारिक खोज गरिरहेका छन् ।

### बिट मार्दै गर्दा

मानव अनुभवको सञ्चय, भण्डारण साधनका रूपमा संस्कृतिले काम गर्छ । संस्कृतिले मान्छेलाई ज्ञान प्राप्त गर्ने भाषा, प्रतीक, मूल्य, मानदण्ड, रीतिरिवाज र परम्परालाई आकार दिँदै सामाजिक बन्धन र तरिका सिकाउँछ । एउटा पुस्ताको अज्ञानता वा पाखण्ड अर्को पुस्तालाई भने संस्कृति र परम्परा पनि बन्न सक्छ । कुनै पनि बालबालिकालाई शिक्षादिँदा आफूसँग रहेको अनुभवले पाएको ज्ञान थोपार्न भने हुँदैन । ऊ जन्मिएको र जिज्ञासा जागृत भएको समय र समाज हामीले बिताएको समय युग भिन्न हुन् । हाम्रा भोगाइका सत्यता पनि फरक छन् । अझ पाठ्यसामग्री फेरिए । गुरु हराएर शिक्षक, गुरुकुल हराएर पाठशालाबाट पनि डिलक्स बोर्डिङमा फेरिए । शिक्षाको सबभन्दा ठुलो उपहार भनेकै सपनालाई यथार्थमा फेर्ने आँट, उपाय र नयाँ कुरा थाहा पाउने जिज्ञासा हो । बिना होस हवास गुमाएर अरू कसैले भनेको पनि सुन्न सक्ने धैर्यता हो । राम्रा कुरालाई ग्रहण गर्ने, नराम्रा र अप्रमाणित कुरा आविष्कार गर्ने विवेक उमार्नु हो । नित्य नयाँ बन्न जिज्ञासा पैदा गर्नु हो । पाठ्यसामग्रीमा अब नागरिक शास्त्र, इतिहास, नीतिशास्त्र, समाजशास्त्रको महत्व रहेन । यि विषयले ज्ञानको क्षेत्रफल फैलाउँछ तर श्रम बजारको शिक्षित श्रमिक भने बनाउँदैन भन्ने मान्यता अभिभावक र शिक्षार्थीमा पर्दै गयो । यसले संस्कृतिमा पनि उपभोक्तावाद हाबी हुन पुग्यो । विषय छनोटमा पनि उदारवादी संस्कृतिको प्रभाव पर्न गयो ।

समाजमा विविधता छ। विविधता अनुसारका संस्कृति पनि फरक फरक हुन्छन् । हामी सामन्तीबाट, विज्ञानहुँदै कम्प्युटर, इन्टरनेट र आर्टिफिसिएल इन्टिलिजेन्स युगमा आइपुगेका छौँ । पुरानालाई छोड्न पनि सक्दैनौँ, नयाँ अँगाल्न पनि सक्दैनौँ । हाम्रो ठुलो हिस्सा बिदेसिएको छ । यसले हाम्रो बहस, संस्कृति, चिन्तनधारा र जीवन पद्धतिलाई पनि प्रभावित पारिरहेको छ । सोच्ने तरिका फरक भएपछि सौन्दर्यका परिभाषा पनि फरक हुन्छन् । एउटा गुण र चरित्र अर्काले सोही रूपमा स्वीकार नगर्न सक्छ ।

बगैँचामा फुल्ने रङ्गीचङ्गी फूल जस्तै समाजमा पनि विविधता छ । जातीय, धार्मिक अन्धराष्ट्रवाद, बहुसङ्ख्यकवादका अहङ्कारले विविधता स्वीकार्न दिँदैन । ज्ञानउन्मुख शिक्षाले भने विविधतालाई आत्मसात् गर्न सामाजिक अन्तरघुलन गराउँदै मानवीय बनाउँछ । समय फेरिन्छ, समाज बदलिन्छ, एउटा पुस्ताले बुझेको सत्य पनि अर्को समयमा व्याख्याता चेत, अध्ययन र अवस्थाले फेरिन्छ ।

शिक्षा जति महँगो हुन्छ त्यति नै अनपढ सङ्ख्या वृद्धि हुन्छ । जब शिक्षा शैक्षिक कारिन्दा उत्पादन मात्रै गर्न खोज्छ तब शिक्षित व्यक्ति भिडमा फेरिन्छन् । जति शिक्षित रूढिवाद बढ्दै जान्छन् शक्ति वा प्रकृतिसँगको द्वन्द्वले सिर्जित भयलाई संस्कार र संस्कृति भन्दै निरन्तरता दिन्छन् । हाम्रा मस्तिष्कको हार्ड ड्राइभमा जैविक गुणको असर सुरक्षित हुन्छ । त्यो कतिपय अवस्थामा प्रकट पनि हुन्छ ।

विद्यालाई कुनै पनि सत्ताले कजाउन सकेन । विद्याले सभ्यता, संस्कृति, दर्शन र संस्कृतिमा प्रभाव पार्दै गयो । बसाइँसराइ, सूचना सञ्चारको विकासले विश्व ग्राममा फेरिँदै गएको संस्कृतिबिचमा अन्तरघुलन बढ्दै गए । आग्रह र सांस्कृतिक श्रेष्ठता, जातीय, धार्मिक भाषिक र रङ्गले पैदा गरेको हीनताबोध र उच्चताबोध, अहङ्कार भत्काइदिँदा अन्तरघुलन गर्ने चेतनाको विकास गऱ्यो ।

शिक्षा र संस्कृतिबारे चर्चा गर्दा होसियार हुनुपर्ने पक्ष भनेको-शिक्षासँगै तर्क र तथ्य जोड्न सकेन भने उच्चशिक्षा हासिल गरेर पनि मान्छे भूमिकामा पाखण्डी र चाकर बन्न सक्छन् । शिक्षित मूर्ख त सामाजिक अपराधी हुन्छन् । पढेलेखेको सहजै हुन सकिन्छ तर जागरुक र जिज्ञासु हुन भने कठिन हुन्छ । भक्ति संस्कृतिले बनाएको सोच आख्यानलाई इतिहास मान्न पुग्दा भने समाजलाई तर्क र तथ्यमा विषय नहेर्ने भिडमा पनि फेरिदिन सक्छ । साम्प्रदायिकता, रूढिवाद र भिड वा बहुसङ्ख्यकवादलाई अशिक्षितले हैन शिक्षित आग्रहीले लम्पट मस्तिष्कलाई उराल्छन् । कुण्ठाग्रस्त मनुवा प्रतिरोध र प्रतिशोधमै आफ्ना ऊर्जा रित्याउँछन् ।

# परिवर्तन सेवा कि सत्तामा ?



• डा. तुलसी आचार्य

हामीमध्ये कतिले सरकारी सेवाको वितरणमा पहुँच राख्छौं ? हामी जस्तै पहुँच राख्ने कति नेपाली छन् ? वा सरकारी सेवाको वितरण कहाँसम्म पुग्छ ? हामीमध्ये कति नेपाली नागरिकले त्यसको उपभोग गर्न पाउँछन् वा सक्छन्, सहज रूपमा ? के नागरिक र उपभोक्ता एउटै कुरा हो ? सरकारको लक्ष्य नागरिकसम्म पुगोस् भन्ने हो कि उपभोक्तासम्म पुगोस् भन्ने हो ? हरेक नागरिक र उपभोक्तासम्म सरकारी सेवा र सुविधाहरू उपलब्ध छन् ? एकचोटी यी प्रश्नहरूको उत्तर खोजेर हेरौं। उत्तर हुनेछ, देशको वास्तविक हैसियत, आर्थिक र सामाजिक उन्नति र राजनीतिक सफलता।
हामीले देश बनायौं वा परिवर्तन गऱ्यौं भनेर नेताहरू कुर्लिरहँदा, उनीहरू कति सही वा कति झुट वा कति भ्रामक छन् ? वा छैनन् भन्ने कुरा ती प्रश्नहरूको उत्तर हेरेर थाहा हुन्छ। सहरमा बस्ने एउटा नागरिक अझ भनौं काठमाडौंमा बस्ने नागरिकले पाउने सरकारी सेवा वा सुविधा वा कुनै उपभोग्य वस्तुमाथि उसको पहुँच र ओलङ्चुङ्गोलामा बस्ने अर्को नागरिक र उसले पाउने तिनै सुविधामाथिको पहुँच के एउटै छ ? नेताको नजिक भएका मान्छे, उसका आसेपासे, आर्थिक रूपले सबल र सक्षम व्यक्ति, पुरुष वा माथिल्लो जातको भन्ने समुदायको पहुँच 'भर्सेज' एउटा गरिब, त्यो पनि महिला, त्यो पनि अपांगता भएको त्यो पनि भौगोलिक हिसाबले विकट ठाउँमा बसोबास गर्ने व्यक्तिको सरकारी सुविधा माथिको पहुँचमा कति अन्तर छ ? अर्को महत्त्वपूर्ण प्रश्नबाट थाहा हुन्छ, देशको सामाजिक, आर्थिक र राजनीतिक अवस्था बुझ्न।
समतामूलक समाजको सम्भावनाको कुरा गरिरहँदा माथि उठाएका प्रश्नहरू महत्त्वपूर्ण हुन आउँछन्। जबसम्म समाज समतामूलक बन्दैन तबसम्म समाज समुन्नत हुन सक्दैन। लोकतान्त्रिक गणतन्त्र वा प्रजातान्त्रिक अभ्यास वा युगान्तकारी परिवर्तनको कुरा गरिरहँदा सरकारले दिने सेवा वितरणलाई प्रभावकारी र समतामूलक बनाउन सकिराखेको छैनौं भने परिवर्तन गरेको कुरा गर्नु वा संविधान संशोधन गरेका कुरा गर्नुको कुनै अर्थ नहोला कि ? प्रदेश सरकार भइसक्दा पनि कतिपय सरकारी सेवा लिन हुम्ला र जुम्ला, रोल्पा र डोल्पाबाट अझै पनि नागरिकले काठमाडौं धाउनु पर्ने हुन्छ। कुनै चिनेको सरकारी कर्मचारी वा नेता छ भने फोनको भरमा कार्यालय नै नगई काम हुन्छ। तर त्यो नागरिकको कोहीसँगको पहुँच छैन भने कयौंचोटि त्यही कार्यालय धाउनुपर्छ। यसरी त्यो व्यक्ति पनि कुनै बिचौलियाको सिकार बन्न पुग्छ। कयौं निर्दोष र सोझा नागरिकले अहिलेसम्म भोग्दै आएको पीडा हो यो।
वास्तवमा भन्ने हो भन्ने सरकारले दिने अत्यन्तै महत्त्वपूर्ण र अनिवार्य सुविधाहरू विगतभन्दा अहिले बढी धरायसी भएर गएको देखिन्छ। जस्तै, करिब २५/३० वर्ष पहिले गाउँका टोलटोलमा चिठी पुऱ्याउन हुलाकीहरू आउँथे, साइकलको घण्टी बजाउँदै। अहिले त्यो सम्पूर्ण रूपमा हराएर गएको छ। नागरिक आफैं खोजी खोजी सम्बन्धित ठाउँमा धाएर जानुपर्छ। काठमाडौंमै त्यही अवस्था छ, गाउँको त कुरै छोडौं। चिठीको कुरा गर्ने हो भने अमेरिकाजस्तो सु-सम्पन्न र भौतिक पूर्वाधार र प्रविधि भएको देश भएर पनि हरेक दिन हुलाकी चिठी लिएर घरघर पुग्छ। सरकारले के त्यो सुविधा हरेक घरघरमा पुऱ्याएको छ ? हुलाकको महत्त्वलाई बुझेको छ ? उल्टै त्यो सुविधा बिस्तारै लोप हुँदै गएको देखिन्छ। भौगोलिक विकटताका कारण भनेको र चाहिएको समय सरकारी सुविधाहरू घरघर पुग्न सकेका छैनन्। के त्यही हो समतामूलक अभ्यास ? देशमा आएको परिवर्तन ? कर्णालीमा महिलाले गर्भवती भएका कारण समयमा अस्पताल पुग्न नपाएर मर्नुपर्छ। हुम्ला, जुम्लामा सिटामोल नपाएकै कारण ज्वरो आएर बिरामीले प्राण त्याग्नुपर्छ। यही हो समतामूलक देशको कथा ? कयौं नागरिकले तुहिन तान्दै नदी पार गर्नुपर्छ। अझै पनि नुनको भारी बोकेर उकालो चढ्नु पर्छ। मान्छे चन्द्रमामा पुगिसके, हामी भने यही देशको एक ठाउँबाट अर्को ठाउँमा अर्थात् २५/२६ किलोमिटरको फरकमा आकाश–जमिनको असमानता देख्छौं।अझै पनि आधारभूत स्वास्थ्य सेवा दुर्गम गाउँमा पुग्न सकेको छैन। आधारभूत शिक्षाका लागि कोशौं हिँडेर पुग्नुपर्छ। उच्च शिक्षाको त कुरै नगरौं। बाटोघाटो, बिजुली, यातायातको समस्या दुर्गम गाउँले जनजीवनमा त्यति नै व्याप्त छ। प्रमाणस्वरूप विद्या चापागाईंको 'हेर्ने कथा' हेरे पुग्छ, नेपाली सरकार कति समतामूलक हुन सकेको छ भनेर। सामाजिक सुरक्षा र गरिबी निवारणका काम र कार्यक्रमहरू नाम मात्रका छन्। कृषिप्रधान देश भनिने मुलुक नेपालमा निर्यातभन्दा बढी आयात छ। कृषकका लागि सहजीकरण र उपयुक्त वातावरण छैन। यी यावत् कारणले खेत बाँझै छोडेर युवा पुस्ता रोजगारका लागि पलायन छ। बाढी र पहिरोबाट बर्सेनि सयौंको ज्यान जाँदा सरकार टुलुटुलु हेरिरहन्छ।
वर्षौं भयो, सरकारले यस्ता कुरालाई सम्बोधन गर्न सकेको छैन। विकेन्द्रीकरण नाममा स्थापित स्थानीय सरकार आफैंमा केन्द्रित छ। स्थानीय र दुर्गम स्थानहरूसम्म सरकारी सेवा पुग्न सकेको छैन। खोइ कहाँ छ समतामूलक समाज ? कस्तो अपसोच ! कस्तो विडम्बना ! कति लाजमर्दो र दुःखलाग्दो कुरो ! हरे ! समतामूलक देशको कहानी कस्तो कहालीलाग्दो ! सार्वजनिक-निजी साझेदारीको नाममा सरकारसँग मिलेर निजी क्षेत्रले गर्ने काममा पनि स्वार्थ, कृपावाद र नातावाद हाबी छ। समयमै बनिनु पर्ने कामहरू वर्षौं हुँदा पनि बनिसकेका छैनन्। द्रुतमार्ग समय थप्दै लम्बिँदैछ। चाहे जलविद्युत् योजनाका कुरा हुन् वा हुन् एयरपोर्ट निर्माणका कुरा। एक वर्षमा हुन सक्ने कुराहरू एक दशक बित्दा पनि तिनमा सकारात्मक संकेत देखिँदैन। यस्तो अवस्थामा हामी कुन कुरामा ढुक्क हुने कि देशमा साँच्चै परिवर्तन भयो ? सरकार सञ्चालनदेखि जनप्रशासनले दिने डेलिभरीसम्ममा सहकार्यको कुरा उठाइन्छ, जुन एकदमै महत्वपूर्ण हो तर त्यो सहकार्यभन्दा पनि सबैले भनेजस्तो 'काले काले मिलेर खाऔँ भाले' भनेजस्तो मात्र छ। सेवा उपभोक्ता र नागरिकउन्मुख छैन। पहुँचवाला वर्गसम्म त पुग्छ। जसको पहुँच छैन त्यो सधैं पछाडि परिरहन्छ। कोही पनि पछाडि नपरोस् भन्ने नीतिलाई प्रभावकारी ढंगले अवलम्बन गर्ने र कार्यान्वयन गर्ने काम सरकारले गर्न सकेको छैन। नयाँ के आयो ? भन्दा केही छैन। प्रशासनले आफ्नो क्षमता बढाउन सकेको छैन। स्रोतहरूको त्यति नै कमी छ। संसार कहाँ पुगिसक्यो तर हाम्रो प्रशासकीय बनोट भने एक सय वर्ष पुरानो छ, फ्रेडरिक टेलरको टेलरिज्म सिद्धान्त जस्तो !
विकसित देशमा त्यसपछि अरू कयौं सिद्धान्तले त्यो सिद्धान्तलाई प्रतिस्थापन गरिसके। नेपालमा भने एउटा झ्यालबाट अर्को झ्याल अनि फेरि अर्को झ्याल अनि फेरि त्यही झ्याल (अन्डर द टेबल) गर्दागर्दै पूरा युग बितिसक्यो। कर्मचारीलाई कसरी काममा उत्प्रेरित गर्ने र नागरिकसम्म चाँडो र प्रभावकारी ढंगले सेवाहरू पुऱ्याउने भन्ने कुरालाई अहिलेसम्म अभ्यासमा ल्याउन सकेको छैन। योभन्दा दुःखलाग्दो कुरा के हुन सक्छ ? खोइ परिवर्तन ? परिवर्तन पार्टी र सत्तामा होइन, हरेक जनतासमक्ष सरकारी सेवा प्रभावकारी ढंगले पुग्न सकेको छ कि छैन भन्ने हो। के हाम्रा नेतालाई यति पनि थाहा छैन होला ?

# भारतीय मूर्तिका कारण कलाकार राजवंशीको पेशा संकट

द्रोण अधिकारी

भद्रपुर । झापाको साविक महेशपुर ६ हाल भद्रपुर ६ मोतियावारी माता मन्दिर छेउमा तीन दशकयता माटाको मूर्ति बनाएर कलाकार विष्णु राजवंशीले जीवन चलाइरहेका छन् ।

दुई सन्तानलाई शिक्षादिक्षा र ४ जनाको परिवार धान्ने आधार यही मूर्तिकला रहेको कलाकार राजवंशीलाई पछिल्लो समय आर्थिक संकटले सताउन थालेको छ ।

उनले जानेको मूर्तिकलाको सीप र मेहनतलाई घटाएका छैनन् । तर पनि, आफ्नो व्यवसायमा अतिक्रमण बढेर मूर्ति नबिक्दा आर्थिक संकटको सामना गर्नु परिरहेको उनको दुःखेसो छ ।

अभिषेक मूर्ति उद्योगका नाममा बैधानिक रूपमा सञ्चालनमा रहेको आफ्नो उद्योगको उत्पादनलाई भारतीय बजारबाट भित्रने अवैध मूर्तिले नराम्ररी अतिक्रमण गरिरहेको उनको गुनासो छ । भारतबाट अवैध रूपमा आउने मूर्ति नरोक्ने हो भने आफूजस्ता नेपाली माटोमा गरिखानेहरू भोकै मर्नुपर्ने दिन आइसकेको उनले बताएका छन् ।



मूर्ति उत्पादनमा चर्चित उनको उद्योगको लोकप्रियता मेचीदेखि महाकालीसम्म फैलिएको थियो । अहिले सम्झँदा उनलाई आफ्नो व्यवसाय बनावटी कथाजस्तो लाग्न थालेको छ ।

पछिल्ला केही वर्षयता आदिवासी जनजातिको मौलिक पहिचान जोगाउन कला संस्कृति संरक्षणमा जुटेका राजवंशी हिन्दु परम्पराका विशेषगरी दशैं, तिहार, छठ, सरस्वती पूजा, विश्वकर्मा पूजा, देवी पूजालगायतका लागि आवश्यक पर्ने मूर्ति निर्माणमा सकृय छन् । राजवंशीलगायत विभिन्न जातीय संस्कार संस्कृतिका झलक दिने मूर्ति बनाउन उनी व्यस्त छन् । पुर्ख्यौली पेशालाई निरन्तरता दिने उनी दोस्रो पुस्ताका मूर्तिकार हुन् । उनको मूर्ति हिन्दु संस्कृतिका विभिन्न पर्वहरुमा बढी खपत हुने गरेको छ । दुई जना छोराछोरीलाई स्तरीय शिक्षा दिने, घरपरिवार धान्ने आधार रहेको मूर्तिकला राजवंशी परिवारको पहिचान पनि हो । भारतमा सस्तो मूर्ति पाइने हल्लाले ग्राहक भारततिर जाने वा भारतीय व्यापारीले गाउँगाउँमा गएर मूर्ति बेच्न थालेपछि समस्या आएको राजवंशीको भनाई छ । उनका अनुसार भारतीय बजारमा भन्दा उनले उत्पादन गरेका मूर्ति निकै सस्ता छन् । तर, प्रचार अभावले ग्राहकले चाल नपाएका कारण बाहिर जाने गरेका छन् ।

# सडक आश्रितका लागि मानव आश्रम सञ्चालन

• लक्ष्मी उप्रेती

बाहुनडाँगी । मानव सेवा आश्रमले २०८२ सालभित्रमा देशका सडकपेटी र सार्वजनिक स्थलहरुमा रहेका घरपरिवार र आफन्तविहीन सहयोगापेक्षी सडक आश्रित व्यक्तिहरुको उद्धार गरी सडक मानवमुक्त राष्ट्र निर्माण गर्ने लक्ष्य पुरा गर्न देशका विभिन्न ठाउँमा मानव सेवा आश्रम सञ्चालन गरिरहेको छ । यो लक्ष्य पुरा गर्न मानव सेवा आश्रमका अभियन्ताहरु तीव्ररुपमा लागिरहेका छन् ।

आश्रम निर्माणका लागि मेचीनगर नगरपालिकाले २५ लाख रुपैयाँ बजेट विनियोजन गरेको नगर उपप्रमुख मीना पोखेल उप्रेतीले जानकारी दिइन् । चालु आर्थिक बर्षमा पनि १० लाख रुपैयाँ बजेट विनियोजन गरिएको उनको भनाइ छ । मेचीनगर नगरपालिकाको संयोजनमा कनकाई नगरपालिकामा बसेको पालिकाका प्रमुख /अध्यक्षहरुको बैठकबाट जिल्लाका कनकाई, भद्रपुर, विर्तामोड, मिश्रालाई मदनबस्ती र काँकरभिट्टाबाट उद्धार गरी नगरप्रमुख, उपप्रमुखसहित मानव सेवा आश्रमका अभियन्ता होमनाथ तिमल्सिनासहितको टोलीले मानव सेवा आश्रम मेचीनगर –४ आमडाँगीमा ल्याइएको थियो । नगर प्रमुख बुढाथोकी, उपप्रमुख उप्रेतीसहितको टोलीले उद्धार गरिएका तीनैजनासहित २१ जनालाई रात्री भोजन गराएको थियो ।

प्राप्त जग्गामा सहयोगापेक्षीलाई राख्न लागि आवश्यक थप भवन निर्माण गर्न झापा जिल्लाका सवै पालिकाहरुसँग



यसैक्रममा सहयोगापेक्षी सडक आश्रित मानवलाई उद्धार गरेर आश्रय दिने उद्देश्यले मेचीनगर नगरपालिका-४ आमडाँगीमा मानव सेवा आश्रमले एक करोड रुपैयाँको लगानीमा निर्माण गरेको भवन अनौपचारिकरुपमा सञ्चालनमा ल्याएको मानव सेवा आश्रमका अभियन्ता होमनाथ तिम्सिनाले जानकारी दिए । आश्रमको केही दिनमा औपचारिकरुपमा उद्घाटन गर्ने तयारी छ । सडक पेटीमा बस्ने, भोको पेट रात काट्ने र सहयोगापेक्षी मानवको उचित बसोवास गर्न भवन निर्माणका लागि मेचीनगर –४ आमडाँगीका मानवकारी दाता परिवार रामबहादुर प्रधान श्रीमतीहरु पूर्णमाया प्रधान र लक्ष्मी प्रधानले निःशुल्क प्रदान गरेको सवा दुई विगाह जमिनमध्ये दश कठ्ठा जमिनमा आश्रम भवन निर्माण गरिएको हो ।

अर्जुनधारा नगरपालिका र बुद्धशान्ति गाउँपालिकालगायतले पनि यस कार्यमा सहकार्य गर्न केही बजेट समेत बिनियोजन गरिसकेको बताइएको छ ।

हाल आश्रममा २१ जना सडक आश्रित मानव राखिएको छ । बिहीवारमात्र मेचीनगर नगरपालिकाको संयोजनमा तीन जना सडक आश्रित मानवको उद्धार गरिएको छ । नगर प्रमुख गोपालचन्द्र बुढाथोकी , उपप्रमुख मीना पोखेल उप्रेतीसहितको टोलीले मेचीनगर क्षेत्रमा बेवारिसे अवस्थामा सडकपेटी तथा मठमन्दिरमा बस्दैं आएका सहयोगापेक्षी सडक आश्रित मानवलाई उद्धार गरेर आश्रम पुर्‍याइएको हो ।

मेचीनगर –७ मदनबस्तीका कृष्ण राजवंशी, इलाम बरबोटेका तुलसी गौतम र ठेगाना नखुलेका शत्रुधन समन्वय गरिएको नगर प्रमुख बुढाथोकीले जानकारी दिए ।

सोही स्थानमै करिब दुई सय जना अटाउने क्षमताको आश्रमका लागि भवन निर्माण गर्ने तयारी रहेको छ । पहिलो चरणमा करिब ५० जना सहयोगापेक्षी तथा बेसहारा सडक मानवहरुलाई आश्रयका लागि आवास र भान्सा निर्माण गरिएको छ । मेचीनगरमा आश्रम अनौपचारि करुपमा सञ्चालनमा आएसँगै झापा, इलामबाट उद्धार गरिएका असहाय, बेसहारा सहयोगापेक्षी सडक आश्रित मानवलाई राखिने भएको छ ।

विगतमा जिल्लाबाट उद्धार गरिएकाहरुलाई विराटनगरस्थित आश्रममा राखिने गरिएको थियो । देशका विभिन्न स्थानमा सञ्चालन रहेका आश्रममध्ये मेचीनगरमा निर्मित २३ औं शाखा रहेको अभियन्ता तिम्सिनाले जानकारी दिए ।

# विपदमा परी १९५ को मृत्यु

झापा(प्रस) । अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका विपदमा परी शुक्रवार दिउँसोसम्म एक सय ९५ जनाको मृत्यु भएको छ।

बाढी, पहिरो लगायतका विपदमा परी काठमाडौं उपत्यकामा तीन, कोशी प्रदेशमा २७, मधेस प्रदेशमा आठ, बागमती प्रदेशमा ३६, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३७, कर्णाली प्रदेशमा १३ र सुदूरपश्चिम प्रदेशमा १५ गरी एक सय ९५ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए।

उनका अनुसार बाढी पहिरोमा परी काठमाडौं उपत्यकामा ११, कोशी प्रदेशमा ३८, मधेस प्रदेशमा १२, बागमती प्रदेशमा २७, गण्डकी प्रदेशमा ४७, लुम्बिनी



प्रदेशमा १९, कर्णाली प्रदेशमा ५९ र सुदूरपश्चिम प्रदेशमा ३४ गरी दुई सय ४७ जना घाइते भएका छन्।

बाढीपहिरोका कारण काठमाडौं उपत्यकामा २८ जना, कोशी प्रदेशमा ४९ जना, बागमती प्रदेशमा १२ जना, गण्डकी प्रदेशमा १४ जना, लुम्बिनी प्रदेशमा ४ जना, कर्णाली प्रदेशमा २ जना र सुदूरपश्चिम प्रदेशमा एक सय एक जना गरी शुक्रवारसम्म जम्मा दुई सय दश जनाको उद्धार गरिएको प्रवक्ता कार्कीले बताए।

उनले भने, 'बाढी पहिरोमा परी कोशी प्रदेशमा दुई जना, मधेस प्रदेशमा एक जना, बागमती प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा दुई जना, लुम्बिनी प्रदेशमा एक जना, कर्णाली प्रदेशमा एक जना र सुदूरपश्चिम प्रदेशमा एक जना गरी ४९ जना बेपत्ता भएका छन्। बेपत्ताको खोजी कार्य जारी छ।'

बाढीका कारण हालसम्म जम्मा चार सय आठ घर डुबानमा परेको प्रहरीले जनाएको छ। तीन सय ४२ वटा घर, एक सय २१ वटा गोठ, ५१ वटा पुल, छ वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ। बाढी पहिरोले नौं सय नौ वटा पशु चौपायाको मृत्यु भएको छ। उक्त अवधिमा विपद्का घटनाबाट पाँच हजार आठ सय ८३ घर परिवार विस्थापित भएका प्रवक्ता कार्कीले जानकारी दिए।

# महिला संघको अभिमुखीकरण प्रशिक्षण सम्पन्न

गौरादह(प्रस) । नेपाल महिला संघ झापाको आयोजना तथा क्षेत्रीय समितिहरुको संयोजनमा झापाका पाँचवटै क्षेत्रमा महिलाहरुका लागि १-१ दिने अभिमुखीकरण प्रशिक्षण सम्पन्न भएको छ । गत भदौ १ गते झापा क्षेत्र नं-२ बाट शुरु भएको प्रशिक्षण शुक्रवार क्षेत्र नं-५ को गौरादहमा समापन गरिएको हो ।

गौरादहस्थित वी.पी. स्मृति भवनमा आयोजित प्रशिक्षण कार्यक्रम उद्घाटन गर्दै नेपाली कांग्रेस झापाका कार्यबाहक सभापति केशवराज पाण्डेले लोकतन्त्र र कांग्रेस बलियो भएमात्रै मुलुक बलियो हुने धारणा राखे । आलोचनाबाट डराएर राजनीति नहुने बताउँदै कार्यवाहक सभापति पाण्डेले सक्रियतापूर्वक अगाडि बढ्न र सांगठनिक गतिविधि गरिरहन कार्यकर्तालाई आग्रह गरे । राजनीतिमा लिन नभई दिन सक्नुपर्ने विचार ब्यक्त गर्दै पाण्डेले त्याग, समर्पण र अग्रजहरुप्रति सम्मान गर्नुपर्नेमा जोड दिए।

नेपाल महिला संघ केन्द्रीय सदस्य उमा शिवाकोटीले महिला संघ नेपाली कांग्रेसको सबैभन्दा पुरानो भगिनी संगठन भएपनि अहिलेसम्म चौथो महाधिवेशनमै अड्किएको तर, सँगै स्थापना भएको नेपाली कांग्रेस पार्टी १५ औं महाधिवेशनसम्म पुगेको उल्लेख गर्दै यसले नै महिलाहरू पछाडि परेको उदाहरण प्रस्तुत गर्ने बताइन् । पछौटेपनको अन्त्यका लागि महिला चेतना र जागरणको खाँचो शिवाकोटीले औल्याइन् ।

नेपाल महिला संघ झापा अध्यक्ष टिका सिटौला मैनालीले जिल्लाका ५ वटै क्षेत्रमा सञ्चालित अभिमुखीकरण प्रशिक्षणले नेपाली कांग्रेस र महिला संघ बलियो हुने विश्वास व्यक्त गर्दै म होइन हामी भन्ने धारणा राखेर अघि बढ्नुपर्नेमा जोड दिइन् । कार्यक्रममा नेपाली कांग्रेस कोशी प्रदेश सदस्य चन्द्रा खड्का भट्टराई, नेपाली कांग्रेस झापाका उपसभापति शेरबहादुर भट्टराई, सचिव कृष्ण हुमागाई, गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष फुलवती राजवंशी, प्रजातान्त्रिक सेनानी संघका केन्द्रीय प्रतिनिधि देवी डाँगी, महाधिवेशन प्रतिनिधि अनिलकृष्ण प्रसाई, रोहित शाह, खगेन्द्रपाण्डव अधिकारी, नेपाली कांग्रेस

❖ बाँकी अन्तिम पृष्ठमा

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**वृष** – रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** – छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** – आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** – प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** – महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** – आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** – आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** – आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** – मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** – आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** – दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।